नेपाल राजपत्र

भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

ख ई २६] काठमाडौं, चैत ३० गते २०३३ साल [अतिरिक्ताङ्क ५१

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको
सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा नेपालको संविधान-बमोजिम देहायका अतिरिक्त न्यायाधीशहरूलाई सर्वोच्च अदालतमा देहायबमोजिम नियुक्ति र अवधि थप गरिबक्सेको छ ।

१,	अतिरिक्त न्यायाधीश श्री ईश्वरीराज मिश्र---	स्थायी न्यायाधीश, सर्वोच्च अदालत ।
२,	अतिरिक्त न्यायाधीश श्री झपटसिंह रावल---	स्थायी न्यायाधीश, सर्वोच्च अदालत ।
३,	अतिरिक्त न्यायाधीश श्री विश्वनाथ उपाध्यायलाई---	म्याद भुक्तान भएको मितिले अर्को ३ (तीन) वर्षको अवधि थप ।

साथै, मौसूफबाट अतिरिक्त न्यायाधीशको सुविधा र पारिश्रमिक सर्वोच्च अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

9033

हुकुम बक्से बमोजिम,
जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको मात्र मान्य हुनेछ।

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको

सूचना

श्री ५ महाराजाधिराजबाट प्रधान न्यायाधीशको सिफारिशमा न्याय प्रशासन सुधार ऐन, २०३१ बमोजिम देहायका क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीशहरूको म्याद भुक्तान भएको मितिले अर्को ३ तीन वर्षको अवधि थप गरिबक्सेको छ ।

१, पश्चिमाञ्चल क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश श्री प्रचण्डराज अनिल ।

२, मध्यमाञ्चल क्षेत्रीय अदालतका अतिरिक्त न्यायाधीश श्री हरिहरलाल राजभण्डारी ।

साथै, मौसूफबाट अतिरिक्त न्यायाधीशहरूको पारिश्रमिक र सुविधा क्षेत्रीय अदालतका स्थायी न्यायाधीशले पाए सरह पाउने गरी तोकिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार

9038

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।
अधिकारिकता मुद्रण विभागबाट प्रमाणित भएकोमा मात्र लागु हुनेछ।